आज मिति २०७९/०६/१४ गते शुक्रबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | दस्तखत | नाम | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्त बहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | | श्री पञ्च बहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | | श्री नर बहादुर नेपाल | गा पा प्रवक्ता एवम् वडा नं.३ वडा अध्यक्ष |
| ६. | | श्री रुद्र प्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | | श्री तेज बहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री ~~कम बहादुर थापा मगर~~ गनिराज प्रजा | वडा नं.७ ~~वडा अध्यक्ष~~ कार्यबाहक वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | पार्वती | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | टेकमाया | श्री टेक माया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | परिमाया | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंख बहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री जगत प्रसाद भुसाल | सदस्य-सचिब |

अन्य उपस्थिति:

१. वासु पण्डित, प्रशासन शाखा प्रमुख

<u>कार्यपालिकाको प्रस्ताव पेश कार्यसूची</u>

बैठक संख्या: ९
अध्यक्षता: श्री दान बहादुर गुरुङ
बैठक मिति: २०७९।०६।१४
बैठक स्थान: इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
बैठक समय: विहान ८:०० वजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०७९।०६।१४ | ८:०० वजे | निजि स्रोत शिक्षक व्यवस्थापन सम्वन्धमा। | शिक्षा शाखा | |
| २०७९।०६।१४ | ८:०५ वजे | घडेरी खारी जग्गा सम्याउने तथा उक्त जग्गावाट निस्कासित ढुङ्गा तथा ग्रावेल निकासीको सम्वन्धमा । | पूर्वाधार शाखा | |
| २०७९।०६।१४ | ८:१० वजे | अस्थायी फलामे स्ल्यावको लागि वजेट विनियोजन गर्ने सम्वन्धमा। | पूर्वाधार शाखा | |
| २०७९।०६।१४ | ८:१५ वजे | झोलुङ्गे पुल संरक्षकको रकम भुक्तानी सम्वन्धमा । | पूर्वाधार शाखा | |
| २०७९।०६।१४ | ८:२० वजे | वाटो तथा नाली मर्मतका लागि वजेट विनियोजन गर्ने सम्वन्धमा। | पूर्वाधार शाखा | |
| २०७९।०६।१४ | ८:२५ वजे | खानेपानी सञ्चालनको लागि HDPE पाइप उपलब्ध गराउने सम्वन्धमा। | पूर्वाधार शाखा | |
| २०७९।०६।१४ | ८:३० वजे | घर नक्सा अभिलेखिकरण सम्वन्धी कार्यविधि, २०७९ सम्वन्धमा। | पूर्वाधार शाखा | |
| २०७९।०६।१४ | ८:३५ वजे | पशु सेवाका प्राविधिक सूचीकरण गरी परिचालन गर्ने सम्वन्धमा। | पशु सेवा शाखा | |
| २०७९।०६।१४ | ८:४० वजे | कर्मचारी प्रोत्साहन तथा सेवा सुविधा सम्वन्धी कार्यविधि सम्वन्धमा। | प्रशासन शाखा | |

**पूर्व बैठकको समीक्षा**

मिति २०७९।०६।०५ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**कार्यपालिका बैठकको निर्णयहरुः**

१. यस गाउँपालिकाको वडा नं. ७ मा रहेको श्री देउराली राष्ट्रिय आधारभूत विद्यालय सुन्दरवस्तीमा आर्थिक वर्ष २०७९।८० देखि गाउँपालिकाको निजी स्रोत शिक्षकमा श्री शिवनाथ प्रजालाई थप गरी निजको तलबभत्ता गाउँपालिकाबाट भुक्तानी दिने ।

२. माता धनलक्ष्मी कामना सप्लायर्स प्रा.लि. लाई इच्छाकामना-४, लेवाटार स्थित घडेरी प्राविधिकले पेश गरेको प्रतिवेदनमा उल्लिखित परिमाणमा खार्न अनुमति दिने र त्यसरी घडेरी खार्दा निस्कने ढुङ्गा, गिट्टी, माटो र ग्रावेल प्रदेश कानून बमोजिम गाउँपालिकामा राजश्व बुझाई गाउँपालिकाले अनुमति दिएको सवारी साधन प्रयोग गरी भरतपुर महानगरपालिका वडा नं. २६ मा लैजान अनुमति दिने।

३. इच्छाकामना गाउँपालिकाको वडा नं. ५ मुग्लिङ्ग चोकमा फलामे स्ल्याव निर्माण कार्यको लागि मर्मत संभार कोषबाट रु.२३५४६.२२।- (अक्षरेपी तेइस हजार पाँच सय छयालिस दशमलब दुई दुई) विनियोजन गर्ने।

४. झोलुङ्गे पुल संरक्षकहरुलाई आ.व. २०७८।७९ को बार्षिक रुपमा रु. ६ हजारका दरले उपलब्ध गराउनुपर्ने रकम मर्मत संभार कोषबाट सम्बन्धित व्यक्तिहरुलाई भुक्तानी गर्ने।

५. इच्छाकामना गाउँपालिकाको वडा नं. ५, वडा कार्यालय जाने बाटो तथा त्रिवेणी बराह विद्यालयको गेट नजिकको नाली सफा गर्ने कार्यको लागि मर्मत संभार कोषबाट रु.८५८००।-(अक्षरेपी पचासी हजार आठ सय मात्र) विनियोजन गर्ने।

६. ५०० मि. २५मि.मि. HDPE नयाँ पाइप गाउँपालिकाबाट खरिद गरी इच्छाकामना गाउँपालिका वडा नं. १ स्थित ज्यानदाला लिफ्टिङ खानेपानी समितिलाई उपलब्ध गराउने प्रमुख प्रशासकीय अधिकृतको निर्णयलाई अनुमोदन गर्ने।

७. इच्छाकामना गाउँपालिकाको घर नक्सा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने।

८. यस इच्छाकामना गाउँपालिका भित्र रहेका जुनियर टेक्निसियन, जुनियर टेक्निकल असिष्टेन्ट, ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता र सामुदायिक कृषि तथा पशु उद्यमीलाई गाउँपालिकाको कार्यालयमा सूचीकरण गरी परिचालन गर्ने ।

९. सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री पञ्च बहादुर प्रजाले पेश गर्नु भएको इच्छाकामना गाउँपालिका कर्मचारी प्रोत्साहन तथा सेवा सुविधा सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने।